# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कमलादी काठमाण्डौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मितिः २०८३/०४/०६ गते बुधबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंक (साविकको सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०१/०५ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले पूनः मिति २०८३/०१/०९ गते बुधबारको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय कमलादी, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०४/१३ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग (फर्म तथा अमिलेख व्यवस्थापन शाखा) बबरमहल, काठमाण्डौं प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०४/०५ मा दर्ता नं. १३५६८६/०७४/७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०७४/०४/०८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६०६२७५१६९ को प्रमाणपत्र प्राप्त **बाबा ट्रेडिङ हाउस** ।

**रजिष्टर्ड ठेगाना :** ललितपुर जिल्ला ललितपुर म.न.पा., वडा नं. १४ ।

**प्रोप्राराइटर तथा जमानतकर्ता : अनिता श्रीवास्तव** (ना.प्र.नं. : १६०३३४६३४) जारी मिति : २०६२/१२/०३ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा । स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ०६, हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा., हात्तीवन, वडा नं. ०४ । बाबु : रामाश्रय कुमार श्रीवास्तव ।
पति : संजय कुमार श्रीवास्तव ।
ससुरा : कृष्ण मोहन सहाय ।

**जमानतकर्ता : संजय कुमार श्रीवास्तव** (ना.प्र.प.नं. १६०३१८५६८), जारी मिति २०४५/०७/११, जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा ) ।
स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ०६, हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. , हात्तीवन, वडा नं. ०४ ।
बाबु : कृष्ण मोहन सहाय ।
बाजे : राम प्रसाद श्रीवास्तव ।

**जमानतकर्ता : आयुष श्रीवास्तव** (ना.प्र.नं. ३४-०१-७१-००६०९), जारी मिति २०७१/०१/२२ जारी गर्ने कार्यालय जि.प्र.का. पर्सा) ।
स्थायी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ६ । हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा., वडा नं. ४ ।
बाबु : संजय कुमार श्रीवास्तव ।
बाजे : कृष्ण मोहन सहाय ।

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **अनिता श्रीवास्तव**को नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला, इमाडोल गा.वि.स., वडा नं. ९, नक्सा सिट नं. १०२१३०६०९ स्थित कित्ता नं. २३४, क्षेत्रफल १८६.७६ (वर्ग मि.) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको लिगलगापात समेत ......१
२. **श्री बाबा ट्रेडिङ हाउस**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कमलादीबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कमलादीमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x26